**आदरणिय अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु**

आज म यस गरिमामय सभामा आर्थिक बर्ष २०७५/२०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वि महसुस गरेकि छु । सर्वप्रथम म देशलाई संघीयताको यो चरणसम्म पुर्‍याउन विभिन्न कालखण्डमा भएका आन्दोलन तथा संघर्षहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै हामिलाई गाउँपालिकाको विकास निर्माण कार्यको जिम्मेवारी प्रदान गर्दै हरेक काममा साथ र सहयोग दिइरहनु भएका सम्पुर्ण वंगलाचुली वासि दाजु भाई दिदी वहिनीहरु प्रति आभार प्रकट गर्दछु ।

हामि निर्वाचित भएर आएको एक वर्ष व्यतित भएको छ । यस अवधिमा हामिले वंगलाचुली गाउँपालिकाको स्रोत साधनलाई अत्यधिक परिचालन गरी हामिले गत आवमा गरेका प्रतिवद्दताहरु पुरा गर्ने कोसिस गर्‍यौं तर पनि यहाँका अनगिन्ती आवस्यकता , चाहना र समस्याहरु एकै वर्षको प्रयासबाट पुरा हुने सम्भव थिएन । त्यसैले यस गाउँपालिकाको उन्नती र प्रगतिका लागि निरन्तर अगाडि बढ्ने कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

**आदरणिय अध्यक्षज्यू**

अब म यस गाउँपालिकाले आ.ब. २०७५/२०७६ मा अंगिकार गर्ने निती तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क) भौतिक पूर्वाधार विकास

१. यस गाउँपालिकाको सन्दर्भमा यातायात, विकासको पहिलो पूर्वाधार रहेकोले गाउँपालिकामा निर्माण भएका कच्चि वाटाहरुको स्तर उन्नती गरी बाह्रै महिना चल्न सक्नेगरी सुचारु गर्न दीगो मरमत सम्हारको व्यवस्था गरिने छ ।

२. यहाँका जनप्रतिनिधिको अथक प्रयासबाट कालोपत्रे हुने क्रममा रहेको घोराही मुर्कुटी सडकको कार्य गुणस्तरिय र समयमै निर्माण कार्य सम्पन्न गर्न सम्वन्धीत पक्षलाई आवस्यक सहयोग गरिने छ ।

३. सार्वजनिक यातायातको सेवा पुग्न नसकेका गाउँपालिकाका अन्य वस्तीहरुमा वाटोको स्तर उन्नती गरी सार्वजनिक यातायात सेवा संचालन गराउन आवस्यक पहल गरिने छ ।

४. खानेपानीका मुहानहरु संरक्षण गर्ने कार्यलाई निरन्तरता दिदै लिफ्ट खानेपानी आयोजना संचालन गरी खानेपानीको वढ्दो समस्यालाई निराकरण गरिने छ ।

५. गाउँपालिकाका आठवटै वडाका विभिन्न स्थानहरुमा एकिकृत वस्ती विकास गर्न अध्ययन गरी एकिकृत वस्ती विकासको प्रकृया अगाडि वढाइने छ ।

## ख) आर्थिक विकास

**कृषि तथा सहकारी**

१. जनताको आयस्तर नवढेसम्म विकासको वास्तविक प्रतिफल जनस्तरसम्म पुग्न नसक्ने यथार्थतालाई मध्यनजर गर्दै " **वस्तुको निकासि सम्वृद्द वंगलाचुली वासी** " भन्ने मुल नारकासाथ विभिन्न आयआर्जनका कार्यक्रमहरु संचालन गरिने छ ।

२. एक गाउँ एक उत्पादन कार्यक्रम लागु गरी कृषकहरुलाई व्यवसायिक वन्न उत्प्रेरित गरिने छ ।

३. व्यवसायिक कृषि फमका रुपमा कृषि व्यवसाय गर्न चाहने कृषकहरुका लागि विशेष अनुदानको व्यवस्था गरिने छ ।

४. यस गाउँपालिका भित्र कृयाशिल सहकारीहरुको क्षमता अभिवृद्धि गरी आर्थिक विकास र रोजगारी सृजनामा कृयाशिल गराउँदै नयाँ सहकारी स्थापनामा प्रोत्साहन गरिने छ ।

५. वाडा नं. ५ को मसुरे गाउँ र वडा नं. ४ को काभ्रे गाउँलाई अर्गानिक पकेट क्षेत्रको रुपमा विकास गरी होमस्टेका माध्यमबाट रोजगारी सृजना गरिने छ ।

६. साना सिंचाइ आयोजना संचालन तथा प्लास्टिक पोखरीको व्यवस्था गरी सिंचाइको समस्या समाधान गरिने छ ।

**पर्यटन**

१. धार्मिक, ऐतिहासिक , सांस्कृतिक सम्पदाहरुको पुननिर्माण र संरक्षण गरी अवलोकन योग्य वनाइने छ ।

२. यस गाउँपालिकाकामा रहेका वंगलाचुली , गडीलेक , धिमधिमे लेक , रानीथुम्की जस्ता मनोरम चुचुराहरुको विशेष संरक्षण र विकास गरी यस गाउँपालिकालाई आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्दै पर्यटनका माध्यमबाट रोजगारी सृजनागरी जनताको आयस्तर वृद्दि गरिने छ ।

## ग) सामाजिक विकास

**स्वास्थ्य**

१. आधारभूत स्वास्थ्य सेवामा जनताको मौलिक हक सम्वन्धी संवैधानिक व्यवस्थालाई सुनिश्चितता प्रदान गर्न स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवालाई जनताको नजिक पुर्‍याइने छ ।

२. गाउँपालिका केन्द्र कमिरेचौरमा अस्पताल स्थापना गर्न आवस्यक भौतिक पूर्वाधार निर्माणको कार्यलाई अगाडि वढाइने छ ।

३. गाउँपालिकाका सवै वडा र वस्तीहरुमा सेवा पुग्ने गरी एम्वुलेन्स सेवा व्यवस्था गरी संचालनमा ल्याइने छ ।

४. समय समयमा घुम्ती स्वास्थ्य शिविर संचालन गरी स्वास्थ्य सेवालाई जनताको घरदैलो सम्म पुर्‍याइने छ ।

५. महिलाहरुलाई स्वास्थ्य संस्थामा मात्र सुत्केरी गराउनु पर्छ भन्ने सोचको विकास गर्न र स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्न विषेश कार्यक्रम संचालन गरिने छ ।

**शिक्षा**

१. विध्यार्थि भर्ना दर वढाउन विषेश भर्ना अभियान संचालन गरिने छ भने यस क्षेत्रको विध्यार्थिले विचैमा कक्षा छाड्ने समस्यालाई न्यूनिकरण गर्न शिक्षक अविभावक संवाद कार्यक्रम संचालन गरी विध्यार्थिको अध्ययन निरन्तरतालाई सहयोग पुर्‍याइने छ । साथै नियमितरुपमा विध्यालयमा आउने र उत्कृष्ट नतिजा ल्याउने विध्यार्थिका अविभावकलाई सम्मान गरिने छ ।

२. शिक्षक विध्यार्थि अनुपात मिलान गरी नपुग शिक्षकका लागि विध्यालयको अवस्था हेरी शिक्षक अनुदान कार्यक्रम संचालन गरिने छ ।

३. विध्यालयहरुको संख्या मात्र धेरै हुँदैमा शैक्षिक गुणस्तर नवढिरहेको र पुर्वाधार लगायतका कार्यमा लगानी मात्र वढिरहेको यथार्थतालाई ध्यान दिदै विध्यालय मर्ज र आवासिय शिक्षाको निती अवलम्वन गरिने छ ।

४. शिक्षा भनेको वेराजगारी अन्त्य गर्ने हुनुपर्ने मान्यता अनुरुप वार्ड नं. ५ को झेलनेटा मा. वि. लाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्न आवस्य अध्ययन गरी कार्यान्वयन प्रकृया अगाडी वढाइने छ ।

५. गाउँपालिका केन्द्रसँगै रहेको मा. वि. श्रीवारीमा आवस्यक प्रक्रिया पुरागरी कक्षा १२ सम्मको अध्यापन गराउने व्यवस्था तत्काल गरिने छ भने यस गाउँपालिकाका अन्य माध्यमिक विध्यालयहरुको समेत क्षमता अभिवृद्धि गरि १२ कक्षा सम्मको अध्यापन प्रकृया अगाडि वढाइने छ ।

६. भवन निर्माणको क्रममा रहेका विध्यालय भवनको निर्माण कार्यलाई निरन्तरता दिदै अन्य विध्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा विषेश जोड दिइने छ ।

७. नीजि र सामुदायिक विध्यालयवीचको विभेद अन्त्य गर्न सामुदायिक विध्यालयको गुणस्तर वृद्धि गरी नीजि विध्यालयहरुलाई सामुदायिक विध्यालयमा रुपान्तरण गर्न पहल गरिने छ ।

८. वार्षिक परीक्षामा उत्कृष्ट अंक ल्याउने विध्यार्थि , अविभावक , शिक्षक ,विध्यालय र विध्यालय व्यवस्थापन समिति समेतलाई सम्मानस्वरुप पुरस्कृत गरिने छ ।

**<u>युवा तथा खेलकुद</u>**

१. देश विकासमा युवाको विषेश भुकिा हुने भएकाले विभिन्न युवा लक्षित कार्यक्रमहरु संचालन गरी युवाहरुको क्षमता अभिवृद्धि गर्नुका साथै विभिन्न स्वरोजगार कार्यक्रमहरु संचालन गरिने छ ।

२. गाउँपालिका भित्रका सवै विध्यालयहरुमा खेलमैदान निर्माण गर्न प्रोत्साहन गरिने छ भने वार्ड न. ४ मा गाउँपालिका स्तरिय खेल मैदान निर्माण गरिने छ ।

३. दिनानुनि वढ्दै गैरहेको वालविवाह न्यूनिकरण गर्न वालविवाह न्यूनिकरण सम्वन्धी विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

**<u>महिला वालवालिका तथा लक्षित वर्ग</u>**

१. आधा आकास ओगटेका महिलाहरु सक्षम नभएसम्म समाजको विकास हुन नसक्ने यथार्थतालाई मध्यनजर गरी महिला लक्षित विभिन्न शिपमुलक, चेतनामुलक तालिम संचालन गर्नुका साथै आय आर्जनका कार्यक्रमहरु संचालन गरिने छ ।

२. वालवालिकामा गरिने लगानीले दीगो विकासमा सहयोग हुने विषयलाई ध्यान दिदै विभिन्न वाल विकास केन्द्रको स्थापना गरिने छ भने अनाथ वालवालिकाको संरक्षणकालागि गाउँपालिकामा एक अनाथालय स्थापना गरी संचालनमा ल्याइने छ ।

३. वालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्ययन गर्न विभिन्न कार्यक्रमहरु संचालनगरीने छ ।

४. दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक अपाङ्ग एकल महिला लगायतका लक्षित वर्गको हक हित संरक्षणका साथै उत्थान र विकासका लागि विषेश कार्यक्रम संचालन गरिने छ ।

५.वास्तविक द्वन्द पिडित व्यक्तिहरुको पहिचान गरि उनिहरुको सामजिक सुरक्षा कायम राख्न आयमुलक कार्यक्रम संचालन गरिने छ ।

**<u>घ) सेवा प्रवाह तथा सुशासन</u>**

१. कार्यालयबाट प्रदान गरिने सेवालाई सेवाग्राहिमैत्री वनाउन सवै वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न तुल्याइने छ ।

२. गाउँपालिकामा इन्टरनेट जडान गरी सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री वनाइने छ भने विभिन्न सफ्टवेर जडान गरी काममा हुने ढिलासुस्तीको अन्त्य गरिने छ ।

३. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम कार्यक्रमहरु संचालन गर्नुका साथै अध्ययन भ्रमण गराइने छ ।

४. गाउँपालिकाको काम कार्वाहिलाई पारदर्शि र जवाफदेहि वनाउन सार्वजनिक परीक्षण , सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

५. गाउँपालिकाको कार्यलय भवन निर्माण गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरी आवस्यक सहयोगका लागि प्रदेस सरकार र संघीय सरकार समक्ष प्रस्ताव गरिने छ ।

६. आन्तकि आय नभए सम्म यहाँका समस्याहरुको वासतविक रुपमा सम्वोधन गर्न नसकिने अवस्था रहेकोले संविधानले प्रदान गरेको अधिकार सूचि भित्र रहि अन्य आयका स्रोतहरुको खोजि गरिने छ भने आर्थिक वर्ष २०७५ । २०७६ देखि स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप एकिकृत सम्पति कर लागु गरिने छ ।

**<u>ङ) वन , वातावरण तथा प्रकोप व्यवस्थापन</u>**

१. वन संरक्षणमा सामुदायिक वनहरुलाई प्रोत्साहित गर्दै खालि जग्गाहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

२. वंगलाचुली गाउँपालिका जडिबुतिका लागि उर्वर क्षत्र रहेकाले जडिबुटिको संरक्षण गर्दै कृषकहरुलाई जडिवुटि खेति गर्न प्रोत्साहन गरिने छ ।
३. अनुकुल वातावरण कायम राख्न विभिन्न खोल्साहरुमा बाँध बाँधि कृतिम पोखरी निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।
४. सामुदायिक वनले आर्जन गरेको आयलाई समाज विकासमा लगानि गर्न प्रेरित गरिने छ ।
५. यस गाउँपालिकाका सवै वडामा दैवि प्रकोप व्यवस्थापन अन्तरगत उद्दार र राहत कार्यकालागि सिप युक्त र्‍यापिड टिम निर्माण गरी परिचालन गरिने छ ।

**आदरणिय अध्यक्षज्यू,**

यो नीति तथा कार्यक्रम तयार गर्न निम्ननानुसारका विषय वस्तुहरुलाई आधार वनाईएको कुरा अनुरोध गर्दछु।

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. नेपाल सरकारको आवधिक योजना
४. निर्वाचनका समयमा जनतासँग गरिएका प्रतिवद्धता पत्र
५. जनप्रतिनिधिहरुका राय सुझावहरु
६. राजनैतिक दलका आदरणिय नेताज्यूहरुका राय सुझावहरु
७. विभिन्न समयमा विभिन्न सरोकारवाला महानुभावहरुले दिनुभएका राय सुझावहरु

**अन्तमा,**

यो नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने विभिन्न राजनैतिक दलका नेताज्यूहरु , आदरणिय गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु , गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु र सरोकार राखि सल्लाह सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरुमा धन्यवाद ज्ञापन गर्दै यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत सदा झै यहाँहरुको साथ सहयोग रहनेछ भन्ने पूर्ण आशा राख्दछु ।

**धन्यवाद**..........